**सूर्योदय नगरपालिकाको व्याक हो लोडर सञ्चालन सम्बन्धी (प्रथम संशोधन) कार्यविधि, २०८०**

कार्यपालिकाबाट स्वीकृत मिति: २०८०।१२।२६ गते

**प्रस्तावना:** सूर्योदय नगरपालिकाको व्याक हो लोडर सञ्चालन सम्बन्धी कार्यविधि, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले सूर्योदय नगरपालिकाको कार्यपालिकाले यो कार्यविधि बनाइ लागू गरेको छ।

**१.संक्षिप्त नाम र प्रारम्भ:** (१) यो कार्यविधिको नाम **सूर्योदय नगरपालिकाको व्याक हो लोडर सञ्चालन सम्बन्धी (प्रथम संशोधन) कार्यविधि, २०८०** हुनेछ।

(२) यो कार्यविधि कार्यपालिकाबाट पारित भई राजपत्रमा प्रकाशन भए पश्चात् तुरुन्त प्रारम्भ हुनेछ।

**२. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

(क) "मूल कार्यविधि" भन्नाले सूर्योदय नगरपालिकाको व्याक हो लोडर सञ्चालन सम्बन्धी कार्यविधि, २०७९" लाई सम्झनुपर्छ।

**३. मूल कार्यविधिको दफा ५. पछि देहाय बमोजिमको दफा ५क. थप गरिएको छ।**

**५क. लाभग्राहीले इन्धन व्यहोर्ने गरी व्याक हो लोडर उपलब्ध गराउन सकिने :** (१) कुनै विकास निर्माण वा मर्मत सम्भारका आयोजना सञ्चालन गर्नको लागि स्थानीय लाभग्राहीले इन्धन खर्च व्यहोर्ने गरी वडा कार्यालयबाट व्याक हो लोडर मागको सिफारिस भई आएमा व्याक हो लोडर सञ्चालक समितिले व्याक हो लोडर सञ्चालनको इन्धन खर्च स्थानीय लाभग्राहीले नै व्यहोर्ने गरी निर्णय गरेर सो स्थानमा व्याक हो लोडर उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम व्याक हो लोडर माग गर्दा टोलस्तरबाट माग भएको भए टोलको निर्णय सहित वडा कार्यालयको सिफारिस र वडास्तरबाट माग भएको भए वडा समितिको निर्णय सहित वडा कार्यालयको पत्र आवश्यक पर्नेछ।